# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७६/०७७
च. न. २११०

मिति : २०७६/ १२/ ३

## सूचना ! सूचना !! सूचना !!!

**विषयः पूर्व पश्चिम लोकमार्ग (महेन्द्र राजमार्ग) सडक क्षेत्रभित्र रहेका अवरोध / संरचना हटाउने बारे ।**

श्री वडा कार्यालयहरु,
वडा नं. ३, ४ र ५ ।

सार्वजनिक सडक ऐन २०३१ को दफा १९ अनुसार स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सिमामा कुनै किसिमको काम गर्न नहुने भन्ने उल्लेख भएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४५ (२) मा गाउँपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दायाँ बाँया अधिकार क्षेत्र (Right of Way) को पालना गर्नु/ गराउनु पर्नेछ तथा सोहि ऐनको दफा ४५ (३) मा गाउँपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको अधिकार क्षेत्र भित्र बनेका संरचना जुनसुकै वखत हटाउन वा भत्काउन आदेश दिनसक्ने छ भनी उल्लेख भएको हुँदा पूर्व पश्चिम लोकमार्ग(महेन्द्र राजमार्ग) सडक अन्तरगत यस गा.पा. खण्डमा पर्ने सडक क्षेत्राधिकार भित्र रहेका अवरोध/ संरचना हटाउने प्रयोजनका लागी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित समय भित्र यस गाउँपालिका क्षेत्रभित्रको आ-आफ्नो वडा क्षेत्रभित्र पर्ने पूर्व पश्चिम लोकमार्ग (महेन्द्र राजमार्ग) क्षेत्रमा सूचना प्रचार प्रसार गरी Right of way (ROW) भित्र पर्ने अवरोध/ संरचना हटाउने कार्य प्रकृया अगाडि बढाउन हुन जानकारी गरिन्छ ।

१२/३

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

"सक्षम निजामति प्रशासनः विकास, समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०९९, ०२३-४७५०८१